६. भारत वर्ष उत्तर खण्ड देश + नेपाल भूमिमहाँ
अञ्चल गण्डकीको पोखरा नजिकै + छ स्याङ्जा जिल्ला तहाँ
यसको उत्तरमा रमाइलो कति + ठाउँ छ त्यहाँ निर
हेर्दामा देखिने चारै तिर हिमाल + फर्किदा पूर्वतिर ॥

७. अवल खर्क भनेर पहिले + भनिन्थ्यो त्यो ठाउँ त
अवलको अपभ्रम्स भएर अहिले + आरुखर्क भो नाउँ त ।
यही ठाउँ बीचमा गैर स्वार भनिने + गाउँ छ त्यहाँ निर
ब्राम्हण एक बस्दथे सुवेदी थरका + लुकुवा भन्ने तिर ॥

८. गाउँ आरु खर्क हो वडा नं. ६ + यहि ठाउँमा घर थियो
थिएन विजुली केही वर्ष पहिले + बालेर बस्थे दियो ।
थियो नाम 'दधिराम' सुवेदी उनका + दुइटा थिए श्रीमति
जेठी हुन् विमला छन् जीवितै + कान्छीका भए सतगति ॥

९. जेठी हुन विमला सन्तान पहिले + कान्छी तिर नै भए
जेठी त अलगै थिइन् तर बुढा + कान्छी तिर नै रहे ।
तिन्छोरा छोरी हुन् नि कान्छी तिरका + छोरा त एउटै भए
घर्मै व्यस्त भएर कृषक भए + न एता उता गए ॥

१०. धेरै दिन पछि लौ जेठीतिर पनि + चार वटा सन्तान भए
जेठी हुन् विष्णु छोरा छोरी महाँ + माइला यी 'मणि' भए
तारा कान्छी भइन यी मध्ये सबमा + साइला महेन्द्र भए
दाजु त्यागी हुँदा मणि हुन पुगे + भाइ बीचैमा रहे ॥

११. यी माथि जति लेखिए सब कुरा + सन्तान तरफका सब
लेख्छु म अब लौ जाने जती सबै + जे छन् मणिका अब ॥
पिता हुन दधिराम सुवेदी मणिका + गर्थे पूजा श्री रामको
पूजा पाठ गरदै राम नाम जप्दै + लिए बाटो परमधामको ॥

१२. माता हुन् बिमला तपस्या उनको + रहेछ हेर कति ।
जन्माइन् दुई पुत्रहरु अति असल + छोरीहरु दुई रति
चार मध्ये यीनले प्रकाश छरने + जन्माइछन् एक 'मणि'
ती यिनै हुन नि मणि महाराज भनिने + शान्तिका मुहान खानी ॥

१३. संवत् दुई हजार तेइस साल + चैत्र को छब्बीस महाँ
पक्ष शुक्ल थियो बिहानीपखको + नौ बजे तिर तहाँ ॥
जन्मे छन् यी मणि मुहुर्त गतिलो + पारी शनिबार महाँ
सम्झियो सबले यी मान्छे यसरी + ठूला होलान् र कहाँ ॥

१४. शुक्ल पक्ष यहाँ चन्द्र जसरी + बढ्दै र प्रकाश दिँदै
सारा यो जगतै उज्यालो गर्ने + मन्खुसी पारी लिँदै ॥
तेस्तै पो रहेछौ तिमी त 'मणि जी' + चिनिएन त्यस बखत
भुल गरे मैले के गर्ने अहिले + मन मात्र रुन्छ फगत ॥


१५. न खाइयो पेट भर्न ब्रत बसियो + दिन्भरि एकादशी
शान्ति छ मनमा न गयौं बनमा + तप गर्न घुँडा धसी ॥
घरैमा बसियो मायाँमा फसियो + तप गर्ने कैले अब
छोडौं बन्धन यो ताकेर मनले + के गर्ने मैले सब ॥

१६. यस्ता हुन् यी मुनि भनेर पहिले + चिन्थ्यो र कस्ले कहाँ
ऐले यो मुनि भेष देखेर दुनियाँ + अचम्म हुन्छन् यहाँ ॥
तिम्रो त्यो गहिरो मधुर प्रवचन + सुन्दा मनैमा गड्यो
छोडेर सब चीज चटक्क दुनियाँ + त्यतै तिर मन बढ्यो ॥

१७. छुँदैनौ तिमीले स्त्रीजातीलाई + छुँदैनौं पैसा पनि
संसारको मति सब बिगारी दिने यी + चीज दुईटा रैछन् भनि ॥
तत्वज्ञान तिमीले बुझेर पहिले + टाढै रहन्छौ सदा
सामान्य जन हौ भनेर मैले + सम्झिन्थें सानो छँदा ॥

१८. हुँदा हुन् कोही लौ वर पर छिमेक + धनी धनाढ्य हरु
ठूला हुन् यी भनि कन यिनी मनले + ठान्दै न थ्यो लौ बरु ॥
यी पाजी भुसुनाहरु किन यहाँ + ठूला हुँ भन्छन् अति
ज्ञान छैन यिनमा शेष हुन्छन् छिनमा + बिग्रीन्छ यिनको मति ॥

१९. राजाको दरवार त्यसै स्थलमा + थियो अगाडि तहाँ
बस्थे रैतीहरु कजाई खुसी भै + राजा भुपेन्द्र जहाँ ॥



मुनि मणिभद्रजी महाराजसँग सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष एवं लेखक रवीन्द्र माकाज

छोरा दुई थिए बाल र दया + भएको सांसद पनि
घटना भैकन यी दुवै मरी गए + कोही छैन त्यहाँ अनि ॥

२०. शुन्य भो दरवार भत्केर गई गो + उजाड थियो अरे
दिन फेरि एसको फिर्दै छ अहिले + जगमग हुँदैछ अरे ॥
धेरै दिन देखि नै यो ठाउँ कठै + सान्है अँधेरो थियो
फेरि यो धरती सम्भेर कसले + प्रकाश छरि दियो ॥

२१. सन्तान यी पछिका को गए कता + उजाड भयो यो स्थल
राजाको बदला मणिभद्र महाराज + जन्मिए छन् यसपल ॥
भत्कियो दरवार तेसै स्थानमा + श्री शिव मन्दिर रह्यो
ठूलो देन मणिभद्र को भएर अहिले + महाराज ठूलो भयो ॥

२२. धुइरो मानिसको लागेछ यसमा + धन राशी धेरै उठ्यो
शंका कोही जनले गर्दा पनि रहेछन् + हाल्छन की यसमा जुठो ॥
साक्षी छन् यसमा मणिभद्र महाराज + हुँदैन हिना मिना
शंका धेर गरने किन हो यसमा + कोही मान्छेहरु किन ॥

२३. चौध वर्ष उमेर थियो त्यो कलिलो + सानै उमेरमा हरे
कस्तो आँट उनको भएर मनमा + यस्तो रमिता गरे ॥
त्यागी सब घरको मायाँ र ममता + भागेर दिल्ली तिर
लिएछन् उनले विचार गहिरो + कत्ती नमानी पिर ॥

२४. दिल्ली को नजिकै मेरठ भनिने + ठाउँ एक थियो त्यहाँ
हस्तीनापुर लौ भनेर पहिले + भनिन्थ्यो जुन्ठाउँ जहाँ ॥
सोही ठाउँ बीचमा बसेर उनले + ज्ञान लिएछन् लौ अरे
भुली घरको मायाँ र ममता + ध्यान महावीरका गरे ॥

२५. रुची खुब उनको जैन धर्ममा + बढ्दै गयो आखिर
दीक्षा त्यहीं स्थलमा बसी कन लिए + शक्ति दिने महावीर ॥
शक्ति महावीरले दिए गुरु बने + सबैले मान्ने भए
तीस वर्ष बिती गो भारतमा उनको + कोही बेला नेपाल रहे ॥

२६. नेपाली कूलका भएपनि त्यहाँ + ईश्वर समान भैं गरी
महिमा उनको बढेर खुब अहिले + जाँदै छ संसार भरि ॥

संस्था एक उनले खोलेर अहिले + मानव मिलनको पनि
भेद्भाव केही नगरी सबै धरमको + मानव हुन एउटै भनि ॥

२७. अशान्ति अहिले छ विश्व भरि नै + शान्ति कसरी दिने
हत्या र हतियार कसरी रोक्ने + भनेर चिन्ता लिने ॥
सकिन्छ कसरी संसार भरिनै + सु शान्ति ल्याउने भनि
महावीरकै उपदेश बोकेर हिंड्ने + गुरु मणि भद्र पनि ॥

२८. बोली छ रसिलो नियम छ कसिलो + रिस छैन कत्ति पनि
क्या मान्छन् दुनियाँ अचम्म यसरी + ईश्वर यिनै हुन् भनि ॥
आशीर्वाद यिनले दिए यदि भने + हुन्छ रे धन सम्पत्ति
शान्तिको उपदेश छरेर हिंड्ने + लेखेर सक्नु कति ॥

२९. भतिजा हुन् उनका विराग मुनि जी + छन् उनको साथै महाँ
भान्जी छन् दुइटा यिनी हरु सबै + बस्छन् नजिकै तहाँ ॥
एउटी हुन् मोक्षिता महाराज अनी लौ + अर्कि पनि छन् अति
सिपालु वहुतै सृजना महाराज + बोल्नलाई कति, कति ॥

३०. सुनेंथें एक दिन कमल पोखरीमा + प्रबचन राम्रै गरीन्
कम छैनन् उनी भन् कुनै विषयमा + वकिलकी छोरी परिन् ॥
त्यागी हुन् यी सबै सानै उमेरमा + घर छोडीकन गए
सेवामा हर दिन रहेर गुरुको + वाला तपस्वी भए ॥

३१. जन्मेछन् तपस्वी धेरै यिनीहरु + त्यो स्याङ्जा जिल्ला महाँ
ती मध्ये चतुरा धेरै विषयमा + छन् मणिभद्र तहाँ ॥
मायाँ बन्धन हो पत्नी र परिवार + यी हुन् प्रेम का छूरा
भन्ने यो पहिले बुझेर उनले + बने तपस्वी पूरा ।

अस्तु !